# कार्यपालिकाको निर्णय
# प्रमाणित पुस्तिका
# वैठक संख्या - १२।२०७५-०७६

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

# फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००


यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १३ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – १२।२०७५-०७६) मिति २०७५।०९।२६ गते बिहिबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्नः

**१. आर्थिक सहयोग संबन्धमा**

नेपाल सितारियो कराँते संघ, जिल्ला शाखा तेह्रथुमको च.नं. १०७।०७५ मिति २०७५।०९।२५ को पत्रानुसार जनवरी १९ देखी २० सम्म हुने तेस्रो दक्षीण एशियाली कराँते प्रतियोगितामा नेपालको तर्फबाट यस गाउँपालिका अन्तर्गत सम्दु निवासी खेलाडी श्री मन कुमार राईले प्रतिनिधित्व गर्ने हुनु भएकोले निजको आते जाते व्यवस्थापनको लागि यस गाउँपालिकाको आ.ब. २०७५।०७६ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आकस्मिक कोषमा बिनियोजित रकम बाट खर्च हुने गरी आकस्मिक कोष संचालन तथा ब्यबस्थापन कार्यविधि, २०७४ को अनुसुचि १ को बुंदा नं. ६ बमोजिम रु. १५,०००।– (पन्ध्र हजार) आर्थिक सहयोग गर्ने ।

**२. स्थानीय श्रोत ब्यक्ति बर्षा आङदेम्बेको तलब भत्ता संबन्धमा**

यस गाउँपालिका अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत स्थानीय श्रोत ब्यक्तिको रुपमा कार्यरत श्री बर्षा आङदेम्बेले २०७५ श्रावण देखी हाल सम्म कुनै पनि तलब भत्ता नपाएकोले तलब पाउँ भनि मिति २०७५।०९।२२ गते यस कार्यालयमा पेश गर्नु भएको निवेदन संबन्धमा निज हाल सम्म नियमित रुपमा कार्यालयमा उपस्थित भई कामकाज गरिरहेको, निजको कार्यसम्पादन सन्तोषजनक देखिएकोले पछी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अनुदान आएपछि शोधभर्ना हुने गरी हाललाई गाउँपालिकाको तलब भत्ता शिर्षकबाट निजलाई तलब खुवाउने ।

०७५/१०/२

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत


fedap.ruralmun@gmail.com | http://www.facebook.com/fedap.rural.municipality | http://www.phedapmun...